समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
## इलाम

Green Ilam

पत्र संख्या: ०८०/८१

चलानी नः २६६९

कोशी प्रदेश, नेपाल

मितिः २०८१/०२/१४

**विषयः करार शिक्षक नियुक्तिका लागि विज्ञापन प्रकाशन गरिएको ।**

प्रस्तुत विषयमा इलाम नगरपालिकास्थित तपसिलमा उल्लेखित विद्यालयहरुमा रिक्त तपसिलका तह र विषयका शिक्षकहरुको पदपूर्तिका लागि करार शिक्षक/कर्मचारी छनौट नगर समितिको मिति २०८१/०२/१३ गतेको बैठकको निर्णयानुसार **करारमा** शिक्षक नियुक्तिको लागि यो विज्ञापन प्रकाशन गरिएको छ । तोकिएको योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकहरुले मिति **२०८१/०२/२८ गतेसम्म कार्यालय समयभित्र** फारम भरी यस कार्यालयमा पेश गर्नु हुन सूचित गरिन्छ ।

**तपसिलः**

| क्र.सं. | विज्ञापन नं | विद्यालयको नाम | तह | विषय | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ०७/०८०/८१ | अमर माध्यमिक विद्यालय, इलाम ४/५, वरबोटे | माध्यमिक द्वितीय | रसायनशास्त्र | १ | अनुदान |
| २. | ०८/०८०/८१ | विणापाणी माध्यमिक विद्यालय, इलाम – ३, पुवामझुवा | माध्यमिक तृतीय | विज्ञान | १ | राहत अनुदान |
| | | बालकन्या माध्यमिक विद्यालय, इलाम – ११, सोयाक | माध्यमिक तृतीय | विज्ञान | १ | रिक्त दरबन्दी |
| ३. | ०९/०८०/८१ | विणापाणी माध्यमिक विद्यालय, इलाम – ३, पुवामझुवा | निम्न माध्यमिक तृतीय | अंग्रेजी | १ | रिक्त दरबन्दी |
| ४. | १०/०८०/८१ | जनता आधारभूत विद्यालय, इलाम – १, साखेजुङ | निम्न माध्यमिक तृतीय | गणित विज्ञान | १ | राहत अनुदान |

**क. आवश्यक न्यूनतम योग्यताः**

**१. माध्यमिक द्वितीय श्रेणीको रसायनशास्त्र विषयको लागि**

क. २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको ।

ख. सम्बन्धित विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको ।

ग. माध्यमिक तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

**२. माध्यमिक तृतीय श्रेणीको विज्ञान विषयको लागि**

क. २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको ।

ख. सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको ।

ग. माध्यमिक तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको ।

सरिका घिमिरे
शाखा अधिकृत
(अधिकृत स्तर आठौं)

समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
## इलाम

पत्र संख्या: ०८०/८१

चलानी नं: २६६१

कोशी प्रदेश, नेपाल

३. **निम्न माध्यमिक तृतीय श्रेणीको अंग्रेजी र गणित विज्ञान विषयको लागि**

क. १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

ख. सम्बन्धित विषयमा कम्तीमा प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको।

ग. तालिम प्राप्त गरेको।

घ. स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको।

४. **आवश्यक कागजात तथा अन्य जानकारी**

क. नेपाली नागरिकता प्रमाणपत्र र आवश्यक शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि।

ख. अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि।

ग. २ प्रति पासपोर्ट साइजको फोटो।

घ. आवेदन दस्तुरः माध्यमिक द्वितीय श्रेणीको लागि रु. १२००, माध्यमिक तृतीय श्रेणीको लागि रु. १००० र निम्न माध्यमिक तृतीय श्रेणीको लागि रु. ७००।

ङ. परीक्षाको किसिमः लिखित, अन्तर्वार्ता र प्रयोगात्मक।

च. पाठ्यक्रमः शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम।

छ. परीक्षा सम्बन्धी थप विवरण पछि प्रकाशन गरिनेछ।

ज. इच्छुक उमेद्वारले इलाम नगरपालिका राजश्व शाखाबाट तोकिएको शुल्क तिरेको रसिद र फारम लिई आवश्यक कागजातहरुमा आफैले प्रमाणित गरी फाइलिङ गेरर शिक्षा, युवा तथा खेलकुद शाखामा तोकिएको समयभित्र बुझाउनु पर्नेछ।

झ. **माध्यमिक तृतीय र निम्न माध्यमिक तृतीयको लागि शिक्षक सेवा आयोगले पछिल्लो पटक प्रकाशन गरेको करार सूचीमा सूचीकृत व्यक्तिबाट मिति २०८१/०२/२१ गतेभित्रमा निवेदन पर्न आएमा नियमानुसार करार नियुक्तिका लागि सोझै सिफारिश गरिनेछ।**

२०८१/०२/१४

राधिका घिमिरे

शाखा अधिकृत

**बोधार्थः**

श्री नगर प्रमुखज्यूको सचिवालय, इलाम नगरपालिका, इलाम – जानकारीको लागि।

श्री सम्बन्धित सबै वडा कार्यालयहरु, इलाम नगरपालिका, इलाम – संलग्न सूचना प्रिन्ट गरी आ- आफ्नो कार्यालयमा टाँस गरिदिनु हुन।

श्री राजश्व शाखा, इलाम नगरपालिका, इलाम।

श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन।